# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ढल्केबर, धनुषा
प्रदेश नं. २, नेपाल
(प्रशासन शाखा)

पत्र संख्या :- ०७७/०७८
चलानी नं.: २४९

मिति : २०७७/०६/०४

विषय : विवरण पठाउने सम्बन्धमा ।

श्री स्वास्थ्य शाखा,
श्री आर्थिक प्रशासन शाखा,
श्री योजना शाखा,
श्री प्रशासन उप-शाखा,
श्री जिन्सी इकाई,
मिथिला नगरपालिका ।

उपारेक्त सम्बन्धमा निवेदक श्री धर्मेन्द्र झा र आदित्य दाहालले पेश गरेको सूचना मागको निवेदनको छाँयाकापी यसै पत्र साथ संलग्न छ । उक्त निवेदनमा सम्बन्धित शाखा/उपशाखा सँग उल्लेखित व्यहोरा अनुसारको विवरण (१) एक हप्ता भित्र यस कार्यालयका सूचना अधिकारी श्री केशव कुमार अधिकारी समक्ष पेश गर्न हुन आदेशानुसार अनुरोध छ ।

..............................
केशव कुमार अधिकारी
सूचना अधिकारी

शाखा अधिकृत

"सफा, सुन्दर, समृद्ध, सहर : अपन मिथिला नगर"
वेभ साइट : www.mithilamun.gov.np
सम्पर्क नं ९७७-०४१-५६००४६

RD765856082NP
Sachibalaya APO (44609)
Letter (RD765856082NP)
From:aditya dahal
Kathmandu, thapathali
To:nagarpalika ko karyalaya
Dhanusa, dhalkebar
Weight: 12.00 Grams Cash: Rs.28.00
6/28/2020 Time: 11:47 AM
OP:dasachibalaya

मिति २०७७ /०३/१४

श्रीमान् सूचना अधिकारीज्यू
मिथिला नगरपालिकाको कार्यलय
ढल्केवर, धनुषा ।

**विषय:- सूचना उपलब्ध गराउने सम्बन्धमा ।**

महोदय,

उपर्युक्त सम्बन्धमा मलाई आफ्नो अध्ययन एवं जानकारी प्रयोजनको निमित्त त्यस कार्यालयमा रहेका र रहनुपर्ने **तपसिल**मा उल्लेखित सूचना तथा तथ्याङ्क विवरणहरू आवश्यक परेको कुरा जानकारी गराउन चाहान्छु । तसर्थ, नेपालको संविधान, २०७२ को धारा २७ तथा सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ र दफा ७ (१) बमोजिम ती सूचना तथा विवरणको प्रमाणित प्रतिलिपि उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु । उपरोक्त सूचना प्राप्त गर्न नियमानुसार शुल्क बुझाउन तयार छु ।

तपसिल

१. यस नगरपालिकाले कोरोना र कोभिड कोष कुन-कुन बैकंमा स्थापना गरेको छ ? कहा कति रकम जम्मा भयो ? र कुन-कुन श्रोतबाट राखिएको छ ? सोको सम्पूर्ण विवरणसहितको प्रमाणित प्रतिलिपी ।

२. कोरोना रेसपोन्स्डको नाममा के-के शीर्षकमा कति-कति बजेट खर्च गरियो ? सोको सम्पूर्ण बिल भरपाईसहितको विवरणको प्रमाणित प्रतिलिपी ।

३. कोरोनाको महामारीमा समयमा राहत पाउनेहरुको सम्पूर्णको नामावली, नगरपालिकाले राहत स्वरुप दिएको सामान वा नगदको सम्पूर्ण विवरणको प्रमाणित प्रतिलिपी ।

४.क्वाराइन्टिन व्यवस्थापन गर्न खरिद गरिएको सामानको बील तथा खाना, औषधी आदीको खर्च बिबरण र भुक्तानी बिलको कपीसहितको प्रमाणित प्रतिलिपी ।

५. यस कोरोना भाइरसको रोकथाम तथा व्यवस्थापना प्रयोजनमा अपनाईएको खरिद प्रकृया र सो सम्बन्धी निर्णयहरुको प्रमाणित प्रतिलिपी ।

६. यस स्थानीय तहले हालसम्म कुन-कुन ठाउँमा कतिवटा क्वारेन्टाइन बनायो ?२०७६ चैत ११ गते देखि हालसम्म कुन-कुन क्वारेन्टाइनमा कुन-कुन मितिमा कति-कति जना महिला वा पुरुष क्वारेन्टाइनमा आए ? उनीहरुको नामावलीसहित क्वारेन्टाइनमा कति दिन बसेको सो विवरणसहितको प्रमाणित प्रतिलिपी ।

७.क्वारेन्टाईनमा बसेका मध्ये कति जनाको आरडिटी र पिसिआर परिक्षण गरियो ? कति जनाको आरडिटि र पिसिआर पोजेटिभ आयो ? पिसिआर पोजेटिभ आएकाहरुको व्यवस्थापन कसरी भैरहेको छ ?

८. २०७६ माघ महिना देखी हालसम्मको बोर्ड बैठकका निर्णयहरुको प्रमाणित प्रतिलिपी ।

बोधार्थ :-राष्ट्रिय सूचना आयोग, देवीनगर काठमाडौं ।

निवेदक

हस्ताक्षर : ..................
नाम : धर्मेन्द्र झा
सर्म्पक ठेगाना : थापाथली, काठमाडौं ।
मो.नं. : ९८५१०७१४५९

हस्ताक्षर : ..................
नाम : आदित्य दाहाल
सर्म्पक ठेगाना : थापाथली, काठमाडौं ।
मो.नं. : ९८५१०८३७०९